का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २७९
❒ १७ मंसिर २०७८, शुक्रबार
❒ 3 December 2021, Friday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

# प्यानलसहित मैदानमा

## ■ फेरि विभाजनको सन्त्रास !



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ मंसिर।

पूर्व पञ्चहरुको पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेतृत्व चयनको सकसमा देखिएको छ। राजधानी उपत्यकामा बुधबार शुरु भएको एकता महाधिवेशनबाट कमल थापाले फेरि अध्यक्ष दोहोरिन चाहेका छन्। नेतृत्वमा दोहोरिनेगरी थापाले तयारी गरिरहेका छन्।

थापालाई महामन्त्री राजेन्द्र लिङदेनले अध्यक्षमा चुनौती दिने तयारी गरेका छन्। केही समय अगाडिबाटै लिङदेनले अध्यक्षमा उम्मेद्वारी दिने बताउँदै आएका थिए। बिहीबार देखि भने उनले प्रचारप्रसार नै शुरु गरिसकेका छन्। स्रोतका अनुसार, उनले प्यानल नै बनाएका छन्।

लिङदेनको प्यानलमा विक्रम पाण्डे, दिलविकास राजभण्डारी, रामचन्द्र राय, लीला श्रेष्ठ, धवल शमशेर राणा, श्याम तिमिल्सिना, रेखा थापा लगायत छन्। यो प्यानलबाट पाण्डे, राजभण्डारी र श्रेष्ठले उपाध्यक्षमा उम्मेद्वारी दिने निश्चित भएको ती स्रोत बताउँछन्। राणा,

> पूर्वपञ्चहरुको पार्टी राप्रपाको एकता महाधिवेशनबाट नेतृत्व हत्याउन अध्यक्ष कमल थापा र महामन्त्री राजेन्द्र लिङदेन प्यानल बनाएरै मैदानमा उत्रिएका छन् । लामो टुटफुटबाट गुज्रिएर आएको राप्रपामा प्यानल सहित चुनाव हुँदा फेरि विभाजन हुनसक्ने नेताहरुमा त्रास देखिन्छ ।

तिमिल्सिना र थापाले महामन्त्रीमा उम्मेद्वारी दिने तयारी भएको छ।

अध्यक्ष थापाले पनि पदाधिकारीमा प्यानल बनाएका छन्। उनको प्यानलमा बुद्धिमान तामाङ, बिक्रम पाण्डे, ध्रुवबहादुर प्रधानको उम्मेद्वारी टुंगिएको छ। महिला उपाध्यक्षमा रोशन कार्की छन्। महामन्त्रीमा भुवन पाठक, भास्कर भद्रा र कुन्ती शाहीले उम्मेद्वारी दिदैछन्। महिला उपाध्यक्षमा लिङदेनको प्यानलबाट लीला श्रेष्ठ र थापाको प्यानलबाट रोशन कार्की भिड्दैछन्। महिला महामन्त्रीमा थापाको प्यानलबाट नायिक रेखा थापा र थापाको प्यानलबाट पूर्वमन्त्री कुन्ती शाही प्रतिश्पर्धामा उत्रिने भएका छन्।

बिक्रम पाण्डेको नाम भने दुवै प्यानलमा छ। बहुदल आएपछि राजनीतिक दल खोलेका बाँकी पृष्ठ २ मा



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
बबरमहल काठमाडौ
फोन नं. ४२५५४६४, हटलाइन ११९६,
website: www.ssf.gov.np, email: info@ssf.gov.np
यस कोषमा आवद्ध योगदानकर्ताहरुको योगदान रकम कानून बमोजिम नियमित (प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र) रुपमा अनिवार्य जम्मा गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । योगदान नियमित नभई यस कोषबाट पाउने सुविधाबाट कुनै पनि श्रमिक वञ्चित हुन पुगेमा सम्पूर्ण दायित्व रोजगारदाताको हुने स्पष्ट कानूनी व्यवस्था रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

# संसद् अधिवेशन आह्वान

काठमाडौं/मस- राष्ट्रपति विद्यादेवी भण्डारीले मंसिर अन्तिम साता संघीय संसद् बैठक आह्वान गरेकी छन्। २८ मंसिरमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वरमा संघीय संसद्को दुवै सदनको बैठक आह्वान गरेकी हुन्। यसपटक भने समयमै संसद् अधिवेशन बोलाइएको छ।

अघिल्लो वर्ष हिउँदे अधिवेशन आह्वान नगरी तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् विघटन गरेका थिए। ६ महिनाभित्र बैठक बोलाउनैपर्ने संवैधानिक बाध्यता भएपनि ओलीले ५ पुस २०७७ मा संसद् विघटन गर्ने निर्णय गरेका थिए।

तर यसपटक भने मंसिर अन्तिम साता नै अधिवेशन बोलाइएको छ। राष्ट्रपति भण्डारीले नेपाल सरकारले १६ गते गरेको निर्णय र सिफारिस बमोजिम नेपालको संविधानको धारा ९३ को १ बमोजिम बैठक आह्वान गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ। गएको २३ भदौमा शुरु भएको अधिवेशन विपक्षी दल नेकपा एमालेको अवरोधकै बीच अन्त्य भएको थियो। सभामुख अग्निप्रसाद सापकोटाको राजीनामा माग्दै एमालेले संसद् चल्न दिएको छैन।

# प्रदेश नेतृत्वमा तानातान




जनकपुरधाममा नेपाली काँग्रेसको प्रदेश-२ को अधिवेशन उद्घाटन सत्रमा उपसभापति बिमलेन्द्र निधि लगायत नेताहरु । तस्वीरः अजयकुमार साह

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ मंसिर।

बिहीबार शुरु भएको नेपाली काँग्रेसको प्रदेश अधिवेशनमा पनि प्यानलगत मतदान हुने भएको छ। प्रदेश निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, महाधिवेशन प्रतिनिधि चयन र जिल्ला नेतृत्व जस्तै प्रदेश नेतृत्व चयनमा पनि प्यानल सहित नेताहरु मैदानमा उत्रनेका भएका छन्।

प्रदेश-१ को विराटनगरमा, प्रदेश-२ को जनकपुरमा, वाग्मती प्रदेशको हेटौंडामा, गण्डकी प्रदेशको पोखरामा, लुम्बिनी प्रदेशको भैरहवामा, कर्णाली प्रदेशको सुर्खेतमा र सुदूरपश्चिम प्रदेशको धनगढीमा अधिवेशन शुरु भएको छ। कांग्रेसले पहिलो पटक प्रदेश अधिवेशन गर्न लागेको हो। प्रदेश अधिवेशनले सातै प्रदेशमा प्रदेश समिति चयन गर्नेछ।

नेतृत्व चयनका लागि आज बिहान ८ देखि ११ बजेसम्म उम्मेदवार मनोनयनपत्र दर्ता गर्ने, दिउँसो ११ देखि १ बजेसम्म मनोनयन पत्रमाथि पर्ने दाबी विरोध दर्ता गर्ने, जाँचबुझ गर्ने र दिउँसो २ बजे उपर निर्णय गर्ने प्रदेश निर्वाचन कार्यतालिका छ।

दिउँसो २ देखि साँझ ५ बजेसम्म उम्मेदवारको नेपाली वर्णानुक्रम (देवनागरी लिपी) पहिलो नाम प्रकाशित गर्ने, साँझ ६:३० मनोनयन फिर्ता लिने, साँझ ७:३० बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने हुनेछ। शनिबार बिहान ८ बजेदेखि प्रदेश कार्यसमितिका लागि मतदान सुरु हुने समिति संयोजक गोपालकृष्ण घिमिरेले बताए।

२४-२६ मंसिरमा हुने १४औं महाधिवेशनका लागि काँग्रेसले जिल्ला अधिवेशन समेत स्थगित गरेको छ। बिहीबारसम्म जिल्ला अधिवेशन सम्पन्न हुन बाँकी रहेका जिल्लाको जिल्ला कार्यसमितिको निर्वाचनलगायत जिल्ला अधिवेशनका सम्पूर्ण कार्यक्रम स्थगन गरेको छ।

बिहीबार बसेको बैठकले जिल्ला अधिवेशन हुन बाँकी रहेका जिल्लाको अधिवेशन १४औं महाधिवेशनपश्चात् समितिले निर्धारण गरेको कार्यतालिकाअनुसार गर्ने निर्णय हो। कांग्रेसले १४औं महाधिवेशनअन्तर्गत हालसम्म ६१ जिल्लामा पार्टीको जिल्ला अधिवेशन सम्पन्न गरेको भने १६ जिल्लाको अधिवेशन हुन बाँकी रहेको गरेको समिति सचिव जगन्नाथ श्रेष्ठले बताए।

पार्टीको क्रियाशील सदस्यतालगायतको विवादका कारण सिन्धुली, सिन्धुपाल्चोक, मकवानपुर, चितवन, नवलपुर (बर्दघाट सुस्तापूर्व), बाँके, अछाम, कैलाली, तथा प्रदेश नं २ का आठ जिल्ला सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा कांग्रेसको जिल्ला अधिवेशन हुन बाँकी छ।

यसबाहेक कांग्रेसले महाधिवेशनअन्तर्गत जिल्ला अधिवेशनबाहेक सबै जिल्लाका कूल १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्र र ३३० प्रदेशसभा निर्वाचन क्षेत्रमा क्षेत्रीय अधिवेशन सम्पन्न गरिसकेको जनाएको छ।

देशभरका सबै वडा र पालिकामा पार्टीको अधिवेशन सम्पन्न भइसकेको छ। कांग्रेसले आजदेखि सातै प्रदेशमा पार्टीको प्रदेश अधिवेशन प्रारम्भ गर्दैछ। प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले सातै प्रदेशको प्रदेश अधिवेशन भर्चुअल माध्यमबाट एकैपटक उद्घाटन गर्ने जनाइएको छ।

# ‘आइसोलेसन’मा न्यायालय

**मुकन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ मंसिर।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले विदामा बस्न अस्वीकार गरेका छन्। कोरोना संक्रमित भएर आइसोलेसनमा बसिरहेका जबराले विदामा बस्न अस्वीकार गरेका छन्। शुक्रबार अस्पतालबाट फर्कने भएकाले विदामा नबस्ने जवाफ न्यायाधीशहरुलाई पठाएका छन्। आइसोलेसनमा बस्दा कायमकायम तोक्न प्रधानन्यायाधीश जबरामाथि दबाव छ।

तर एक न्यायाधीश मार्फत् जबराले विदामा नबस्ने र कायममुकायम समेत नतोक्ने जवाफ पठाएका छन्। प्रधानन्यायाधीश जबराको राजीनामा माग गर्दै डेढ महिनादेखि नेपाल बार एशोसिएशन र सर्वोच्चका न्यायाधीशहरुले आन्दोलन गरिरहेका छन्। तर राजीनामा नदिने, सकेमा महाअभियोग लगाउन चेतावनी दिदै आएका जबरा गएको सोमबार देखि आइसोलेसनमा छन्।

जबरा संक्रमित भएपछि सर्वोच्चको न्यायिक सम्पादन कार्य अवरुद्ध हुँदै आएको छ। बिहीबार पनि सर्वोच्च अदालतमा झण्डै तीन घण्टा ढिला गरेर मुद्दाको पेसी तोकिए। तर अधिकांश मुद्दा ‘हेर्न नभ्याइने’ सूचीमा राखियो। प्रधानन्यायाधीश जबराले आफू बिरामी हुँदा कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी अरुलाई नदिँदा न्यायाधीशहरु छलफलमा बसेका थिए। छलफलकै कारण पेसी तोक्न ढिला भयो भने सुनुवाइ पनि प्रभावित भयो।

> प्रधानन्याधीश चोलेन्द्र शमशेर जबरा कायममुकायम प्रधानन्यायाधीश तोकेर न्यायिक सम्पादन कार्य सञ्चालन नगार्न अनिच्छुक देखिदा सर्वोच्च अदालतको कामकारबाही समेत ‘आइसोलेसन’ मा परेको छ ।



दैनिक बिहान १०:१५ बजेतिर पेसी तोकिनेमा बिहीबार १:३० मा मात्र पेसी तोकिएको थियो। बुधबारदेखि गोला प्रक्रियाबाट मुद्दामा पेसी तोक्न सुरु गरिएअनुसार बिहीबार पनि सोही प्रक्रियाबाट मुद्दामा पेसी तोकिएको थियो।

गोला प्रक्रियाबाट १० वटा इजलास गठन भएका थिए। ती मध्ये दुईवटा पूर्ण, सातवटा संयुक्त र एउटा एकल इजलास रहेको थियो। ती इजलासमा कूल १९२ मुद्दा सुनुवाइका लागि राखिएको थियो।

न्यायाधीशहरु मीरा खड्का र नहकुल सुवेदीको संयुक्त इजलासमा ३० वटा मुद्दामा पेसी तोकिएकामा ती सबै मुद्दा नै हेर्न नभ्याइने सूचीमा छ। त्यस्तै न्यायाधीशहरु डा आनन्दमोहन भट्टराई र बमकुमार श्रेष्ठको संयुक्त इजलासमा २१ मुद्दा सुनुवाइका लागि बाँकी पृष्ठ २ मा

# भिजिट भिसामा गएर युएईमा थुप्रिने क्रम रोकिएन

## श्रममन्त्रीले तत्काल कडाइ गर्नुपर्ने पीडितहरुको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ मंसिर।

भिजिट भिसामा गएर आकर्षक तलब सुविधासहितको रोजगारी पाउने प्रलोभनमा युएई पुऱ्याइएका नेपाली युवाहरूको ठूलो संख्या अलपत्र परेका छन्।

खासगरी दुबई एक्सोमा सुरक्षागार्डमा राम्रो तलब पाउने भन्दै लगिएका युवाहरू अलपत्र पर्ने क्रम दैनिकरूपमा बढी रहेको बताइएको छ। आकर्षक रोजगारी खोजीदिने भन्दै वैदेशिक रोजगार ऐनले तोकेको प्रक्रिया पूरा नगरी भ्रमणका लागि जारी हुने ‘भिजिट भिसा’मा लैजाने क्रम पहिलेदेखि रहेपनि पछिल्ला दिनमा दुबई एक्स्पोमा सुरक्षागार्डको राम्रो तलब पाइन्छ भन्दै आश्वासन दिएर युएई पठाउने क्रम ह्वात्तै बढेको युएईस्थित नेपाली दुतावास स्रोतले बताएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्ण कुमार श्रेष्ठ, प्रतिनिधिसभाको उद्योग तथा










वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति र नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतले भिजिट भिसामा जानेहरुलाई निरूत्साहित गर्नुपर्ने पटक-पटक बताएपनि व्यवहारमा भिजिट भिसामा जानेक्रम नरोकिएको युएईबाट मध्यान्हलाई प्राप्त एक भिडियोमा देखिएको छ। भिडियोमा नेपालका रस्तमा राईले टाईगर म्यानपावरमार्फत पठाएको बताउने बाराका युवाहरूले युएई पुगेपछि नेपालबाटै गएका एजेन्टले आफुहरूसँग रहेको डलर पनि दबाबदिई जबरजस्ती लिएर नेपाल फर्किएको र आफुहरूलाई अलपत्र पारेको बताए।

एजेन्टले पाकिस्तानीलाई दिएका राहदानी स्थानीय प्रहरीको सहयोगमा फिर्ता लिन सकेपनि घर फर्किने टिकट नभएको उनीहरूको भनाइ छ। हाल उनीहरू सहयोगीहरूले दिएको आधा पेट खाएर सडक र खुला आकाशमा दिन कटाइरहेका छन्। अलपत्र परेका युवाहरूले दलालको भरमा परेर भिजिट भिसामा युएई नआउन आग्रह गरेका छन्।

नेपालबाट भिजिट भिसामा यूएई जाँदा तीन लाख रुपैयाँसम्म असुल्ने गरिएको पीडितहरुको भनाइ छ। खोपको कारणले कोरोना संक्रमण कम भएपछि भिजिट भिसामा युएई जानेक्रम बढेको हो। गृहमन्त्रालयले त्यसको अनुगमन गरी छानबिन गर्न जिम्मेवारी अध्यागमन बाँकी पृष्ठ २ मा

# आज बाला चतुर्दशी, शिवालयहरुमा शतबीज छरिँदै



**काठमाडौं/मस**–आज मार्ग कृष्ण पक्षको चतुर्दशी । बिहानै मृतका आफन्तले पशुपतिमा रहेको मृगस्थली क्षेत्रमा धानका शतबीज गरिने गरिन्छ ।

शतबीज छर्न पशुपतिनाथ मन्दिरलगायत देशभरका शिवालयमा भक्तजनको भीड लागेको छ । यसअघि मार्ग कृष्ण पक्षको त्रयोदशीका दिन राति शिवालयमा परिवारका मृतक सदस्यको सद्गतिको संकल्पसहित दीपदान गरेका थिए । यसरी दीपदान गर्नाले मृतकले सद्गति प्राप्त गर्ने धार्मिक विश्वास र हिआएको छ ।

दिवङ्गत पितृका नाममा महादीपदान गर्न आउने भक्तजनको बिहीबार बिहानैदेखि पशुपति क्षेत्रमा भीड लागेको थियो । मार्गशीर्षकृष्ण त्रयोदशीको बेलुकी पशुपतिनाथमा दिवङ्गत पितृका नाममा महादीपदान गरिन्छ । रातभर जाग्राम बसेर मार्गशीर्षकृष्ण चतुर्दशीका दिन बिहान दीप वाग्मतीमा सेलाएर पशुपति क्षेत्रका विभिन्न स्थानमा शतबीज छरिन्छ । यसो गरेमा दिवङ्गत पितृको सद्गति हुनुका साथै शान्ति पाउने धार्मिक विश्वास छ । पशुपति क्षेत्रमा बाला चतुर्दशी मेलाका सबै तयारी पूरा भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको सुरक्षा समितिको बैठकले बिहीबार बिहानदेखि पशुपति क्षेत्रमा सुरक्षाका सबै व्यवस्थापन गरेको कोषका कार्यकारी निर्देशक डा.घनश्याम खतिवडाले जानकारी दिए । यसका लागि भकुण्टोलस्थित कारपार्कमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको सुरक्षा मूल शिविर खडा गरिएको छ ।

पशुपति क्षेत्रको मुख्य भागस्थित शतबीज मार्ग र बत्ती बाल्ने स्थानमा आवश्यकताअनुसार सुरक्षाकर्मीको परिचालन गरिएको छ ।

सुरक्षाकर्मीले पशुपति क्षेत्रमा मांस, मदिरा एवं नशालु पदार्थको सेवन तथा बिक्री वितरण पूर्णरुपमा निषेध गरेको छ ।

# ५ विद्यार्थीमा कोरोना संक्रमण देखिएपछि विद्यालय बन्द

**गलकोट/मस**–बागलुङमा कोरोना संक्रमणदर पुनः उकालो लाग्न थालेको छ । बिहीबारमात्रै बागलुङमा एकै विद्यालयका २५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । त्यस्तै समुदायस्तरमा बिहीबार नै तीन जनामा कोरोना सङ्क्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय बागलुङले जनाएको छ ।

बागलुङ नगरपालिकाको बलेवास्थित एक विद्यालयमा कोरोनाको लक्षणपछि ८२ जनाको परीक्षण गर्दा एकसाथ २५ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरीक्षक देवप्रकाश घिमिरेले जानकारी दिए ।

उक्त विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार अर्को सूचना जारी नभएसम्मका लागि विद्यालय बन्द गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ । कार्यालयका अनुसार विद्यालयमा पुनः शुक्रबार थप विद्यार्थीको कोरोना परीक्षणपछि मात्रै विद्यालयको नाम खुलाइने छ ।

घिमिरेका अनुसार विद्यालय भएको समुदायको तीन जनामा समेत कोरोना पुष्टि भएकाले धेरै मात्रमा समुदायमा कोरोना सङ्क्रमित रहेको स्वास्थ्य कार्यालयको अनुमान छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार सम्बन्धी इजाजत प्राप्त श्री **शेर्पा इन्टरनेशनल म्यानपावर कन्सल्टेन्सी प्रा.लि. (ई.प.नं. ४३०)** ले आफ्नो कार्यालयको साविक ठेगाना **काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. १०** बाट परिवर्तन गरी **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३२** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## प्यानलसहित...

पूर्वपञ्चहरुको पार्टी राप्रपा यसअघि पटकपटक विभाजन हुँदै आएको छ । तर यसपटक सबै राप्रपा एक भएपछि एकताको महाधिवेशन हुँदैछ । एकताको महाधिवेशनमा लामो समय देखि साथ दिदै आएका थापालाई लिङदेनले चुनौती दिएका छन् । २०७४ को निर्वाचनमा लिङदेन संघीय सांसद निर्वाचित हुने राप्रपाका एक मात्र नेता हुन् ।

पञ्चायत देखि नै सरकारमा सहभागी हुँदै आएका थापा २०७२ सालपछि उपप्रधानमन्त्री बनेका थिए । नेकपा एमाले नेतृत्वको सरकारमा उपप्रधानमन्त्री बनेका थापा फेरि नेपाली काँग्रेस र माओवादी केन्द्र गठबन्धन सरकारमा समेत सहभागी भएका थिए । २०५२ पछि पटकपटक मन्त्री बनेका थापा २०६२ मा ज्ञानेन्द्र शाहको सरकारमा गृहमन्त्री बनेका थिए । तिनै थापासँग लिङदेनको प्रतिश्पर्धा रोचक हुने देखिन्छ । तर प्यानल सहित चुनावी मैदानमा राप्रपा उत्रिएकाले कार्यकर्ता पंक्तिमा भने फेरि विभाजनको कारण प्यानलगत मतदान हुने भय देखिन्छ ।

तर सहमतिमा नेतृत्व टुंग्याउने प्रयत्न पनि कायमै छ । प्रतिनिधिहरुले सहमतिमा नेतृत्व टुंग्याउन दबाव बढेको देखिन्छ । यो महाधिवेशनबाट राप्रपाले एक अध्यक्ष, एक महिला सहित चार उपाध्यक्ष, एक महिला सहित तीन महामन्त्री चयन हुँदैछ । राप्रपाले १४१ सदस्यीय केन्द्रीय कार्य समिति चयन गर्दैछ ।

मतदानबाट टुंग्याउन राप्रपाले अध्यक्षको उम्मेद्वारबाट मात्रै एक लाख दर्ता शुल्क तोकेको छ । उपाध्यक्षमा उम्मेद्वारी दिन ७५ हजार, महामन्त्रीका लागि ५० हजार र केन्द्रीय सदस्यका लागि १५ हजार शुल्क तोकेको छ । निर्वाचन समितिले शुक्रबार निर्वाचनको कार्यक्रम शुरु हुने जानकारी दिएको छ ।

## आइसोलेसनमा...

राखिएकामा सबै हेर्न नभ्याइने सूचीमा छ । न्यायाधीशहरु प्रकाशमान सिंह राउत र डा कुमार चुडालको संयुक्त इजलासमा सुनुवाइका लागि १८ मुद्दा तोकिएकामा पूरै हेर्न नभ्याइने सूचीमा छ । न्यायाधीशहरु सपना मल्ल र तेजबहादुर केसीको संयुक्त इजलासमा २८ मुद्दामा पेसी तोकिएकोमध्ये २७ वटा हेर्न नभ्याइने सूचीमा छ ।

दीपककुमार कार्कीको एकल इजलासमा १९ वटा मुद्दामा पेसी तोकिएकामा १८ हेर्न नभ्याइने सूचीमा छ । गत कात्तिक ८ गतेदेखि सर्वोच्च अदालतमा सुनुवाइ प्रभावित भएको छ । बन्दी र निवेदनबाहेकका मुद्दामा सुनुवाइ हुन सकेको छैन ।

## भिजिट...

विभागलाई दिएपनि अध्यागमन कर्मचारीहरुले नै ट्राभल्स एजेन्सी र एयरलाइन्ससँग मिलेर 'भिजिट भिसा'मा जानेहरुलाई लुसुलुसु पठाउने गरेको धेरैको भनाइ छ ।

यसबारेमा गृह मन्त्रालयमा रिपोर्टिङ भएपनि नियन्त्रण नभएको विमानस्थल स्रोतले बतायो । स्रोतका अनुसार भिजिट भिसाको धन्दामा राजधानीका केही ट्राभल एजेन्सी र एयरलाइन्स पनि संलग्न रहेका छन् । यूएईमा उच्चदक्ष कामदारहरूले मात्र स्थानीय स्तरमा कम्पनी परिवर्तन गर्दै स्वतन्त्र रूपमा रोजगारी पाउने गरेका छन् । तर भिजिट भिसामा गई स्वतन्त्रपूर्वक कम्पनी परिवर्तन गर्दै आकर्षक तलबमा काम गर्न पाइने भन्दै दलालहरुले म्यानपावर कम्पनीबाट जाँदा समय लाग्ने म्यानपावरकम्पनीलाई भिसा पठाउनपनि ढिला गर्ने भन्दै भड्काएर प्रलोभनमा पार्ने गरेका छन् । भिजिट भिसामा जानेहरुले भने यूएई पुगेपछि काठमाडौंमा भनेजस्तो आकर्षक तलब र राम्रो काम पाउन सक्दैनन् । भिजिट भिसाको तीन महिने अवधि सकिएपछि उनीहरु ओभरस्टे भएर समस्यामा पर्ने गरेका छन् ।

भिजिट भिसामा गएका नेपाली समस्यामा परेपछि नेपाली दुतावासमाथि उनीहरूलाई उद्दार गरेर स्वदेश फर्काउनुपर्ने दबाब पर्ने र श्रम स्वीकृति लिएर वैधानिक रूपमा गएका कामदारको समस्यामा ध्यानदिन नसकेको बताइएको छ । श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री श्रेष्ठले आफू गत महिना आबुधावी डाईलगमा जाँदा नै भिजिट भिसामा गएकाहरूले ठूलो समस्या पार्ने भनाइ राखेका थिए । केही दिन अघि वैदेशिक रोजगार व्यवसायी तमुधीः समाजको प्रतिनिधि मण्डलसँगको भेटमा पनि उनले वैदेशिक रोजगार व्यवसायीले नै भिजिट भिसामा गैरकानूनी रूपमा युवाहरूलाई पठाएको भन्दै त्यस्ता म्यानपावर कम्पनीलाई कडा कारवाही गर्ने बताएका थिए ।

तर दैनिक रूपमा भिजिट भिसामा गएर नेपालीहरू युएईमा थुप्रिने क्रम नरोकिँदा कतिपयले श्रम मन्त्रीले गृह मन्त्रालयसँग समन्वय गरेर कामगर्न ढिलागरेको भन्दै तत्काल यस विषयमा ध्यानदिनुपर्ने मागगरेका छन् । यस विषयमा कदम चाल्न ढिला गरे ठूलो मानवीय समस्या सिर्जना हुनसक्ने धेरैको टिप्पणी छ ।

नेपालमा युवाहरूलाई युएई गएपछि अन्तर्वार्ता पनि दिन पर्दैन । गएपछि सिधै जागिर पाईन्छ भन्दै आश्वासन दिने तर, त्यहाँ आएपछि नेपालको एजेन्ट पनि फोन अफ गरे पछि बल्ल युवाहरूले ठगिएको थाहा पाउने गरेको पीडितहरूले बताएका छन् । उनीहरूले भनेका छन्, 'मन्त्रीज्यूले तत्काल भिजिट भिसाको अनुचित चलखेल रोक्नुपर्‍यो ।'

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७७।२।०३ मा दर्ता भएको **प्रा.लि. नं. २५९०१६** को **शिव श्री इन्भेष्टमेण्ट प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
(प्रशासन, योजना तथा दर्ता शाखा)
**सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालनको लागि यस विभागबाट इजाजत पत्र प्राप्त संस्था श्री **लिंक अप रिक्रुमेन्ट प्रा.लि. (ई.प.नं. १२४३)** ले यस विभाग समक्ष इजाजत पत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०७६/८/१५ को निर्णयानुसार यो सुचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५७/०४/३० मा दर्ता भएको **प्रा.लि. नं. १३६०४** को **कम्प्याक्ट ट्रेडर्स प्रा.लि.** को मिति २०७८/०८/१६ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

**कुवेतमा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी: ABDULAZIZ KHALED ALMONAWER FOR GENERAL TRADING FOODSTUFF COMPANY. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/०८/१६ चलानी नं.: ६०१६९४३३ LT. No.: 252808

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 6 | 0 | स. काममा दक्ष | 100 | ३९,५१५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SILENT SPA HEALTH INSTITUTE COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/०८/१६ चलानी नं.: ६०१६९४३५ LT. No.: 252805

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Massage Therapist | 0 | 6 | स. काममा दक्ष | 130 | ५१,३७० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: DIVVAN GENERAL TRADING & CONTRACTING COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/०८/१६ चलानी नं.: ६०१६९४३४ LT. No.: 252807

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 15 | 0 | स. काममा दक्ष | 95 | ३७,५३९ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: CREPE PISTACHIO FOR SWEETS PASTRIES COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/०८/१६ चलानी नं.: ६०१६९४३६ LT. No.: 252742

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 4 | 5 | सम्बन्धित काममा दक्ष | 100 | ३९,५१५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Barista | 10 | 5 | | 130 | ५१,३७० | | | | | | | |
| 3. | Pastry Chef | 5 | 5 | | 140 | ५५,३२१ | | | | | | | |
| 4. | Waiter/waitress | 6 | 6 | | 100 | ३९,५१५ | | | | | | | |
| 5. | Crepe Maker | 5 | 5 | | 130 | ५१,३७० | | | | | | | |

५. कम्पनी: NEJOUD RESTAURANT MANAGEMENT COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/०८/१६ चलानी नं.: ६०१६९४३७ LT. No.: 252741

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Artist | 20 | 10 | स. काममा दक्ष | 150 | ५९,२७२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter/waitress | 20 | 10 | | 120 | ४७,४१८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २४ गते (10 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क. न. ४ को रु. १०,००० अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411
9802099412, 9823325539, 9813344450
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

**Aalital Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Aalital-5 Bhimdattapur, Dadeldhura**

**Invitation for Sealed Quotations**

**Date of publication: 2078/08/17**

1. The Aalital Rural Municipality invites sealed quotations for the construction of ***following works:***

| S.N. | Contract no. | Description of work | Total Estimated amount exclusive of VAT and Contingencies in NRs. | Bid Security Amount in NRs. | Last Date for Bid Document Purchase | Last Date and Time of Bid Submission |
|---|---|---|---|---|---|---|
| i. | ATLRM/DDL/SQ/WORKS/01/2078/079 | Chetana Sahakari Building Completion Work, ward-5 | 527696.99 | 15000 | 2078/09/02 Office hours | 2078/09/04 12:00 pm |
| ii. | ATLRM/DDL/SQ/WORKS/02/2078/079 | Red Cross Building Completion Work, ward-4 | 353982.3 | 10000 | 2078/08/23 Office hours | 2078/08/24 12:00 pm |
| iii. | ATLRM/DDL/SQ/WORKS/03/2078/079 | Koilani Community Building Construction, ward-4 | 341227.45 | 10000 | | |
| iv. | ATLRM/DDL/SQ/WORKS/04/2078/079 | Nikane Masta Temple Truss Building, ward-1 | 341880.34 | 10000 | | |
| v. | ATLRM/DDL/SQ/WORKS/05/2078/079 | Jharkada Siddababa Temple Truss Building, ward-6 | 254261.30 | 7000 | | |
| vi. | ATLRM/DDL/SQ/WORKS/06/2078/079 | Bahirisain Community Building Work, ward-5 | 341930.56 | 10000 | | |
| vii. | ATLRM/DDL/SQ/WORKS/07/2078/079 | Aalital Homestay, ward-3 | 424094.53 | 12000 | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Aalital Rural Municipality, Office of the Rural Municipal Executive, Aalital-5 Bhimdattapur, Dadeldhura; email: ito.aalital@gmail.com ; Tel: 9858781011.
3. A complete set of Bidding Documents may be purchased from the office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till ***above mentioned date and time.***
*Bidders, submitting their bid, should deposit the cost of bidding document in the following account*
***Name of the Bank: Nabil Bank Ltd, Aalital Branch*** ***Name of Office: Aalital Rural Municipality***
***Office Account no.: 06801017500449***
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 Pm on 2078/09/04 for 1st SQ and 1:00 pm on 2078/08/24 for other SQs*** at the office. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of above mentioned amounts, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

**साउदीमा रोजगार**

१. कम्पनी : Support Vision Operation and Maintenance Company One person company शहर : RIYADH
पुर्व स्वीकृत मिति: २०७८/०८/१६ चलानी नं.: ६०१६९४३१ LT. No.: 251717

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 25 | 0 | स. काममा दक्ष | 1200 | ३८,२४४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Mishaal Shaleel Habib Al-Mutairi शहर : RIYADH
पुर्व स्वीकृत मिति: २०७८/०८/१६ चलानी नं.: ६०१६९४२९ LT. No.: 252643

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 16 | 0 | स. काममा दक्ष | 1200 | ३८,२४४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : Abdulelah bin Essa bin Hamad Al-Owaidan General Contracting Est शहर : RIYADH
पुर्व स्वीकृत मिति: २०७८/०८/१६ चलानी नं.: ६०१६९४३० LT. No.: 252172

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 100 | 0 | स. काममा दक्ष | 1200 | ३८,२४४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर २४ गते (10 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ई. पत्र नं. १२३५/०७४/७५
**AASHIN OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Tel.: +977-1-5902036, 5902037

## आज ३० औं अन्तर्राष्ट्रिय अपाङ्ग दिवस

# ऐनको प्रभावकारी कार्यान्वयनको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ मंसिर



आज ३० औं अन्तर्राष्ट्रिय अपांग दिवस । सरकारले यस वर्षको नारा 'हाम्रो प्राथमिकताको आधार, अपांगता भएका व्यक्तिको अधिकार' राष्ट्रिय नारा तय गरिएको छ । संयुक्त राष्ट्रसंघको पहलमा विश्वभर अपांगता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस सन् १९९२ देखि हरेक डिसेम्बरको ३ मा मनाउन थालिएको हो । अपांगता भएका व्यक्तिको अधिकार प्रवर्द्धन र अवसर समानीकरणप्रति विश्व समुदायको ध्यानाकर्षित गर्न र अपांगता भएका व्यक्तिहरूप्रति हुने सबै प्रकारका भेदभाव, हिंसा र दुर्व्यवहारविरूद्ध लड्न सबैलाई प्रेरित गर्ने उद्देश्यले यो दिवस मनाउने गरिन्छ ।

विश्व बैंक र विश्व स्वास्थ्य संगठनको दाबीअनुसार विश्वको कूल जनसंख्याको १० देखि १५ प्रतिशत मानिसहरू अपांगताको अवस्थामा बाँचिरहेका छन् र अधिकांश अपांगता भएका व्यक्तिहरू विकासशील वा अल्पविकसित देशहरूमा छन् । हालसम्म नेपालमा कति अपांगता भएका व्यक्ति, कहाँ-कस्तो अवस्थामा रहेका छन् भन्ने कुराको विस्तृत तथ्यांक हामीसँग छैन । जनगणना २०६८ को प्रतिवेदनमा उल्लेख भएअनुसार कूल जनसंख्याको १.९४ प्रतिशत मात्र अपांगता भएका व्यक्ति रहेको जनाइएको छ ।

**ऐनको प्रभावकारी कार्यान्वयनको माग**

राष्ट्रिय अपाङ्ग महासंघ, नेपालले अपांगता भएका व्यक्तिको अधिकारको पक्षमा काम गर्न कानुन, नीति र निर्देशिकामा भएका व्यवस्थालाई कार्यान्वयन गर्नुपर्ने माग गरेको छ ।

महासंघले बिहीबार पत्रकार सम्मेलन गरी अपांगतासम्बन्धी सेवा सुविधा, सहुलियत र अधिकार उपयोग गर्न परिचयपत्रलाई अनिवार्य गरिए पनि त्यसको वितरण प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाउन नसक्दा धेरैले परिचयपत्र पाउन नसकेको जनाउँदै परिचयपत्र वितरण प्रणालीलाई वैज्ञानिक र व्यवस्थित गर्नुपर्ने मागसमेत गरेको छ । बनेका नीति-नियमका बारेमा स्थानीय तहलाई अभिमुखीकरण गर्नुपर्ने महासंघको भनाइ छ ।

महासंघका अध्यक्ष चित्रलाल शर्माले अपांगता भएका व्यक्तिका लागि काम गर्न प्रदेश सरकार र स्थानीय तहको क्षमता विकास गर्नुपर्ने र कानुनमा भएका व्यवस्थाहरूलाई हरेक मन्त्रालयले आफ्ना वार्षिक कार्यक्रम र नीतिहरूमा बजेटसहित समेट्नुपर्नेमा जोड दिए ।

'स्थानीय तह र प्रदेश तहको सरकारले अपांगता भएका व्यक्तिका लागि योजना निर्माण गर्दा वा निर्णय गर्दा अपांगता भएका व्यक्तिको अनुभव, भोगाइ र विज्ञताको उपयोग गर्नुपर्छ । उनीहरूका कुरा सुन्ने, छलफल गर्ने र परामर्श गर्ने पर्याप्त र पहुँचयुक्त वातावरण निर्माण गर्नुपर्छ', सम्मेलनमा जारी विज्ञप्तिमा उल्लेख छ । महासंघले आज अपांगता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस विभिन्न कार्यक्रम गरी मनाउने भएको छ ।

# वीर अस्पतालमा 'नेशनल टेलिकल्सन्टेसन सेन्टर'




**काठमाडौं / मस**–कोभिड-१९ युनिफाइड केन्द्रीय अस्पताल (वीर अस्पताल)मा बिहीबारदेखि कोभिड-१९ का बिरामीलाई लक्षित गरि 'नेशनल टेलिकल्सन्टेसन सेन्टर' शुरु गरिएको छ ।

यसअघि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रहेको टेलिकल्सन्टेसन सेन्टर बिहीबार युनिफाइड अस्पतालदेखि शुरु गरिएको हो । विश्व स्वास्थ्य संगठनको प्राविधिक सहयोगमा टेलिकल्सन्टेसन सेन्टर शुरु गरिएको हो ।

अस्पतालमा निमित्त प्रमुख प्रशासकीय अधिकृत डा भूपेन्द्रकुमार बस्नेतले कोभिड-१९ का बिरामीलाई फोनबाट नै स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले टेलिकल्सन्टेसन सेन्टर शुरु गरिएको बताए । उनले कोभिड-१९ सम्बन्धी समस्या र जिज्ञासा सुनेर फोनबाटै परामर्श गर्नका लागि टेलिकल्सन्टेसन सेन्टर शुरु गरिएको जानकारी दिए । सेन्टरबाट स्वास्थ्य सेवा लिनका लागि ११३३ मा फोन गर्नुपर्ने हुन्छ ।

सेन्टरमा आएका समस्यालाई चिकित्सकले फोनबाट समाधान गर्नुका साथै बिरामीको मोबाइल नम्बरमा समस्याको उपाय लेखेरसमेत पठाउने छन् । चिकित्सकले बिरामीलाई कस्तो समस्या रहेको छ सोहीअनुसार अस्पताल जान वा घरमै बसेर उपचार गर्न सल्लाह दिन्छन् ।

टेलिकल्सन्टेसन सेन्टर २४ सै घण्टा सञ्चालन हुनेछ । तीन सिफ्टमा सञ्चालन हुने टेलिकल्सन्टेसन सेन्टरमा अहिले एक सिफ्टमा एक जना चिकित्सक र दुई जना पारामेडिसिन छन् । टेलिकल्सन्टेसन सेन्टरमा अहिले एकैपटकमा तीनजना व्यक्तिले फोन गरी सेवा लिनसक्ने छन् ।

टेलिकल्सन्टेसन सेन्टर शुभारम्भ समारोहमा विश्वस्वास्थ्य संगठन नेपालमा प्रमुख राजेश पाण्डवले अस्पताल आउन नसक्ने बिरामीलाई टेलिकल्सन्टेसन सेन्टरले सहयोग पुऱ्याउने बताए । मन्त्रालयमा २०७६ चैत ११ गतेदेखि कोभिड-१९ लाई लक्षित गरी कलसेन्टर सञ्चालन गरिएको थियो । कोभिड-१९ सँग सम्बन्धित दैनिक सात हजार जिज्ञासा आउने गरेको चिकित्सक डा.नवराज जोशीले बताए ।


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०४/३२ मा दर्ता भएको **प्रा.लि. नं. १५४०७९** को **ग्रेट सोलुसन प्रा.लि.** को मिति २०७८/०८/१६ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं.** ९८४१३४०४०३
**ईमेल** : rokayasherbahadur723@gmail.com

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५५/०५/३१ मा दर्ता भएको **प्रा.लि. नं. ९१६९** को **डिल्लिबजार सुपर मार्केट प्रा.लि.** को मिति २०७८/०८/१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं.** ९८४१३४०४०३
**ईमेल** : rokayasherbahadur723@gmail.com

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
गौरादह शाखा, गौरादह नगरपालिका,
सम्पर्क फोनः ९७७-०२३-४८१११/१२

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम श्री चतुरमान तामाङ्को नाति, दोर्जलाल तामाङ्को छोरा, २ नं प्रदेश सिरहा जिल्ला, अयोध्या नगरपालिका वडा नं. २ स्थाइ ठेगाना भई हाल १ नं प्रदेश झापा जिल्ला, दमक नगरपालिका - ०१ बस्ने ६५ वर्षको श्री पत्रलाल तामाङ्को मिति २०७८/०४/१४ (ई.सं. २९/०७/२०२१) मा मृत्यु भएकोले स्व. पत्रलाल तामाङ्की पत्नी हाल दमक - ०१ बस्ने श्रीमती राधा तामाङ्ले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको कर्पोरेट शाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives | ISO 9001 Certified Bank | Care Ratings Nepal CARE-NP A (Is)
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६५/१०/१२ मा दर्ता भएको **प्रा.लि. नं. ५९८७२** को **कुमारी भैरव हाउजिङ्ग एण्ड डेभलपर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०८/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Vacancy Announcement

**A leading foreign recruitment agency is seeking the following position urgently.**
PRO - 2 (Male/Female)
Preferable with job experience in related field of manpower.
SALARY - NEGOTIABLE
**Middle East Manpower Pvt.Ltd**
श्रम ई. पत्र नं. ६१/०५१/०५२
कुपण्डोल, ललितपुर, फोन नं. ०१-५५२९९६०, ५५३१२२०
फ्याक्सः ०१-५५३२०८४,
मोबाइल:९८१८८८२१२५, ९८८०६७२४९७
Email: cvs.middleast@gmail.com | Web: www.middleast.com.np

निर्वाचन आयोग नेपाल
**जिल्ला निर्वाचन कार्यालय**
बबरमहल, काठमाडौं

### मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८

जिल्ला निर्वाचन कार्यालय काठमाडौं, जिल्ला प्रशासन कार्यालय काठमाडौं र ईलाका प्रशासन कार्यालय साँखुमा मतदाता नामावली संकलन कार्य निरन्तर भइरहेको छ । यही मंसिर १७ गतेदेखि पौष २ गतेसम्म दक्षिणकाली, कीर्तिपुर, चन्द्रागिरी, नागार्जुन र तारकेश्वर न.पा. मा तथा पौष ४ गतेदेखि १८ गतेसम्म टोखा, बुढानिलकण्ठ, गोकर्णेश्वर र कागेश्वरी मनोहरा न.पा. को कार्यालयमा मतदाता नामावली संकलन विशेष कार्यक्रम सञ्चालन हुदैछ । यहि मंसिर १७ गतेदेखि जिल्ला निर्वाचन कार्यालय काठमाडौंमा बाह्य जिल्ला ठेगाना रहेकाहरुको समेत मतदाता नामावली संकलन गरिनेछ । मतदाता नामावलीमा नाम समावेश गर्न छुट हुनुभएका महानुभावहरुलाई मतदाता नामावलीमा आफ्नो नाम समावेश गराउनुहुन जिल्ला निर्वाचन कार्यालय काठमाडौं हार्दिक अनुरोध गर्दछ ।

## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. A great place for career
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।



कुनै पनि
**Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation**
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।
नोटः ६ महिने **Professional Diploma in Hotel Management (PDHM)**
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा **ADMISSION OPEN** गरिएको जानकारी गराउदछौं
सम्पर्क **Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## कतारमा रोजगार

कम्पनीः **AGHADER CLEANLINESS AND HOSPITALITY** शहर : **DOHA**
पूर्व स्वीकृत मितिः २०७८/०८/१६ चलानी नं.: ६०१६९४२५ **LT. No.: 252711**

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 3 | स. काममा दक्ष | 1100 | ३५,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २४ गते (10 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगर सम्पर्क गर्नुहोला ।

**Kalika Human Resource Pvt. Ltd**
Gov. Lic No. 1331/074/075
Basundhara, Kathmandu, Tel : 4365281, 4363238
Email : kalikahuman1331@gmail.com, Web.: www.kalikahuman.com.np

## साउदी अरबमा रोजगार

कम्पनी : **AL JAZEA CONTRACTING & TRADING LTD.** शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०५/२४ चलानी नं.: ६०१६२६६१ **L.T. No.: 245325** पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५७,३६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २४ गते (10 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**RADIANT OVERSEAS P. LTD.**
Tinkune-32, Kathmandu, Nepal | Tel: +977 1 - 4111196 / 4117963
Email: radiant.overseasktm@gmail.com
Govt Lic. No. 1016/068/069

## साउदीमा रोजगार

१. कम्पनी : **NIBRAS HAJAR CONTRACTING EST** शहर : **RIYADH**
पुर्व स्वीकृत मितिः २०७८/०८/१६ चलानी नं.: ६०१६९४२७ **LT. No.: 252205**

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५७,३६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : **FAZAR AL-ARAB FACTORY FOR ALUMINIUM** शहर : **RIYADH**
पुर्व स्वीकृत मितिः २०७८/०८/१६ चलानी नं.: ६०१६९४२८ **LT. No.: 244430**

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः **AL-BUNYAN SPECIALIZED CONTRACTING EST** शहरः **RIYADH**
